गरुडा नगरपालिका

# स्थानीय राजपत्र

गरुडा नगरपालिकाद्वारा प्रकाशित

**खण्डः २, संख्या : १०, मिति : २०८०/१२/१५**


# भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गरुडा नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# गरुडा नगरपालिका बालअधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति :२०८०/११/१८ गते

**प्रमाणीकरण मिति : २०८०।१२।१५**

**प्रस्तावनाः** गरुडा नगरपालिका क्षेत्रभित्रका बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान सङ्घीय कानुन तथा मधेश प्रदेश कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितता गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न बाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३), प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ को दफा ४२ को उपदफा (५) र गरुडा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम गरुडा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

CamScanner

## परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **" गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "प्रमुख" भन्नाले गरुडा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले गरुडा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ ।

(च) "बाल गृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कानून बमोजिम दर्ता भै परिषद्बाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पको रुपमा पठाइएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले गरुडा नगरपालिका सम्झनु पर्छ ।

(ज) "बाल क्लव" वा "बाल सञ्जाल" वा "बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षपुरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार गरुडा नगरपालिकामा दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ ।

(झ) "बाल कोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न, तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधिको दफा २४ बमोजिम नगरपालिकामा स्थापना गरिएको नगरपालिका स्तरीय बाल कोष सम्झनु पर्छ ।

(ञ) "बालबालिका" भन्नाले १८ बर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "बाल सञ्जाल" भन्नाले बाल क्लव वा बाल संस्थाहरुको सञ्जालको रुपमा नगर कार्यपालिकाको कार्यालयमा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ड) ‘‘बाल कल्याण अधिकारी’’ भन्नाले ऐनको दफा ६१ बमोजिम नगरपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ढ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ण) ‘‘समाजसेवी वा बाल मनोविज्ञ’’ भन्नाले ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भएका वा सूचिकृत भइ नियुक्त भएका व्यक्ति सम्झनु पर्छ

(त) "समिति" भन्नाले नगरपालिकामा स्थापित नगरपालिका स्तरीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(थ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि प्रचलित कानुन बमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनु पर्छ ।

(द) "सेवा प्रदायक निकाय" भन्नाले नगरपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनु पर्छ ।

(ध) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ: -**

(क) गरुडा नगरपालिका क्षेत्रभित्र बालबालिका सम्बन्धी प्रचलित कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

(ख) बालबालिकासँग सम्बन्धित योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु ।

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अपमान, वेवास्ता लगायतका बालबालिका विरुद्ध हुने कार्यको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्नु ।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन, परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था

४. **बाल अधिकारको संरक्षण :** नगरपालिका भित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।

५. **बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्था :** बालअधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

(क) नगरपालिका भित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण-पत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाइनेछ ।

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरु उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरु गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्च, डेक्स टेबुल, उज्यालो कोठा र हावा राम्ररी आवत जावत हुने), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाई, हिंसा, दुर्व्यवहार अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवम् लैङ्गिकमैत्री र अपाङ्गतामैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी सामग्री तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित बालमैत्री पठन पाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गरिनेछ ।

(घ) नगरपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(ङ) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरुको अनुगमन तथा मूल्याङ्कन गरि समीक्षा गरिनेछ ।

(च) कम्तिमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ ।

(छ) कुनै पनि विद्यालयको कम्पाउण्ड बाहिरबाट ५० मिटर दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ ।

CamScanner

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक, लगायत अन्य सरोकारवालाका लागि बालसंरक्षण मापदण्ड बनाई सहज देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ ।

(झ) बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाई, अपहेलना लगायत बालविवाह, बालश्रम रोकथाम र अन्त्य गर्न बाबुआमा विहीन, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न सहजकिरण गरिनेछ ।

(ञ) बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकाता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण, रहत व्यवस्थापनका लागि बाल हेल्पलाईन सेवा (निशुल्क टेलिफोन नं. सेवा ) लगायत सम्बन्धित सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचविखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिकाको खोजतलास सेवा निशुल्क टेलिफोन नं. सेवा १०४ सँग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

(ट) नगरपालिकाभित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिम परेका, स्वस्थ्य र पोषण, एच.आइ.भी. प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क संकलन र अभिलेखिकरण गरी आवधिक रुपमा नगरपालिकाको वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ ।

(ठ) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बालअधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ड) नगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण बाल सहाभगितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरु प्राथमिकताकासाथ समावेश गरिनेछ ।

(ढ) खण्ड (ट) बमोजिमको तथयाङ्कको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी नगरपालिकाभित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्ने** : नगरपालिका, नगरपालिका अन्तर्गतका प्रत्येक महाशाखा, शाखा, निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनेविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

७. **बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवम् अपाङ्गतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ ।

८. **बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था :** (१) नगरपालिकाभित्र फेला परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुनेगरि संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवम् नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।

## परिच्छेद ४

## बाल कल्याण अधिकारीको नियुक्ती र समाजसेवी तथा बालमनोविज्ञ सूचकिरण सम्बन्धी व्यवस्था

९. **बाल कल्याण अधिकारीको नियुक्ति :** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारीको नियुक्ती गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम (४) बमोजिम बाल कल्याण अधिकारी तोकिनेछ ।

१०. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :** (१) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१ को उपदफा (१), नियमावलीको नियम ८२, ऐन तथा नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्यका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका स्तरीय बालअधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यन्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार,प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यन्वयन गर्न गरुडा नगरपालिका र नगरपालिका स्तरीय बालअधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) गरुडा नगरपालिकाभित्र स्थायी तथा अस्थायी रुपमा बसोवास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह,स्वास्थ्य,शिक्षा,संरक्षण तथा सहभागिताको अवश्था सम्वन्धी तथ्याङ्क संकलन,अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) गरुडा नगरपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पिडित बालबालिकाको तत्काल उद्धार,मनोसामाजिक विमर्श, उपचार, अस्थायी संरक्षण, आमाबुबालाई पारिवारीक सहयोग, पारिवारीक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने

(ङ) खण्ड(घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी नगरपालिका स्तरीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) खण्ड(घ)मा उल्लेखित बालबालिकाको सहायताका लागि यस नियमावली बमोजिम जारी हुने निर्देशिका तथा मापदण्डमा उल्लेख भएबमोजिमको अन्य कार्य गर्ने

CamScanner

(छ) आन्तरिक तथा अन्तर्देशिय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थानीय ठेगाना भएका बालबालिकाको विवरण गरुडा नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बालअधिकार परिषदमा उपलब्ध गराउने ।

(ज) बालबालिका विरुद्धको कसुरको अनुसन्धान प्रकृयामा पिडीत तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(झ) ऐनको दफा ४९ बमोजिम नगरपालिकाभित्र भएको बैकल्पिक हेरचाहको व्यवस्था पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका गुरुकुल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन नगरपालिका स्तरीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने

(ञ) गरुडा नगरपालिकामा भएका बालअधिकार उलंघन सम्बन्धित घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ट) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ठ) बालबालिकाको लागि बैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ड) बैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चलअचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धीत निकायमा सहजीकरण तथा सिफारीस गर्ने ।

(ढ) बालबालिकाको गोपनियताको हकको उलंघन नहुने गरी खण्ड(ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बालअधिकार समितिको स्वीकृतीमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने ।

(ण) गरुडा नगरपालिकाको योजना तर्जुमा प्रकृयामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(त) समितिवाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

११. **समाजसेवी तथा बाल मनोविज्ञको सूचिकरण तथा नियुक्ती :-** समाजसेवी तथा बाल मनोविज्ञको सूचिकरण र नियुक्ती ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## वैकल्पिक हेरचाहको वयवस्था

१२. **वैकल्पिक हेरचाहको व्यवस्था :-** (१) ऐनको दफा ४९ बमोजिम एनकै दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकाता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको दफा ६९ बमोजिमको

अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा बाल कल्याण अधिकारीले नियमावलीको परिच्छेद - ६ बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद ६

## बाल सहभागिता, बाल क्लब/बाल संस्था र बाल सञ्जाल दर्ता, नवीकरण, सञ्चालन तथा खारेजी

१३. **बाल सहभागिताको अभ्यासः** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरुलाई असर पर्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिकबाट सम्पादन गरिने कार्यहरुको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ । आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा सबै अवस्थाका बालबालिका (बालक, बालिका, सबै किसिमका अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि) को सहभागिता सुनिश्चित गरिनेछ ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि नगरपालिकाबाट देहायका उपायहरु समेत अवलम्वन गर्नेछ :

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको वाहेक उनीहरुले मांग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ ।

(ख) नगरपालिकाभित्र विद्यालयहरुबीच तथा वडा समितिहरुबीच अतिरिक्त क्रियाकलापहरु (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, हिज्जे, चित्रकला सांस्कृतिक कार्यक्रम आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुने गरी प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(३) बाल सहभागिता प्रवर्द्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट हुन सक्ने देहायका कार्यहरु गर्नमा रोक लगाइनेछ :-

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागिता गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैर सरकारी संस्थाले बालबालिकाको हित विपरीत ऱ्याली, जुलुस, सभा आदिमा सहभागि गराउन,

(घ) विद्यालय लगायतका सरकारी निकाय व गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफुले गर्नुपर्ने काम बालबालिका वा बाल क्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन,

CamScanner

१४. **बालक्लव वा संस्था गठन, दर्ता तथा नविकरण :** (१) बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालबालिकाले बाल क्लब वा बाल संस्था तथा बाल सञ्जाल गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा बाल संस्था खोल्दा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत नगरपालिका क्षेत्रभित्रको सामाजिक तथा साँस्कृतिक विविधता समावेश हुने गरी गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका बालबालिका मात्र र बालबालिकाले बालिका मात्र सदस्य रहने गरी विशिष्टीकृत बाल क्लब वा संस्था गठन गर्न सक्नेछन् ।

(४) उपदफा (२) र (३) बमोजिम गठन गरिएको बाल क्लब वा संस्था नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(५) बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि उपदफा (४) बमोजिम बालक्लव वा संस्था दर्ता तथा सूचीकृत गर्न सम्बन्धित वडाको सिफारीस सहित गरुडा नगर कार्यपालिकाको कार्यालयमा देहायका विवरण सहित **अनुसूची- १** अनुसारको निवेदन र **अनुसूची- २** अनुसारको प्रस्तावित बालक्लवको विधान पेश गर्नुपर्दछ ।

(क) प्रस्तावित बालक्लव वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरीरहेका कक्षा, ठेगाना र जन्म दर्ताको प्रमाण-पत्रको प्रतिलिपी वा अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिसपत्र,

(ख) प्रस्तावित बालक्लवको नाम र बालक्लब गठन सम्बन्धी निर्णयको प्रतिलिपि ।

(ग) प्रस्तावित बालक्लब वा संस्थाको नाम कुनै संस्थाको नाम जोडेर बाल क्लवको नाम राख्न पाईनेछैन । विद्यालयको हकमा भने विद्यालयको नाम जोड्न सकिनेछ ।

(घ) बालक्लव वा संस्थाको उद्येश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदन उपर नगर कार्यपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो बाल क्लब वा संस्था दर्ता गरी **अनुसूचि-३** बमोजिमको दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम बालक्लव वा संस्था दर्ता तथा सूचीकृत बालक्लवहरुको अभिलेख **अनुसूची- ४** अनुसारको दर्ता कितावमा राख्नुपर्नेछ ।

(८) उपदफा (६) बमोजिम दर्ता भएको बालक्लव वा संस्थाले प्रत्येक वर्ष गरुडा नगर कार्यपालिकाको कार्यालयलमा देहायको विवरण खुलाई नविकरणको लागि **अनुसूचि-५** अनुसारको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(क) वर्षभरि आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरुको विवरण ।

(९) उपदफा (८) बमोजिम निवेदन आएमा गरुडा नगर कार्यपालिकाको कार्यालयले बालक्लव वा संस्थाको नविकरण गर्नेछ र सो को अभिलेख **अनुसूची-६** अनुसारको नवीकरण अभिलेख कितावमा राख्नुपर्नेछ ।

(१०) बालक्लव वा संस्था सूचीकृत र नविकरण तथा सिफारीस गरेवापत कुनै शुल्क लाग्ने छैन ।

(११) प्रत्येक बलक्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रत्येक वर्षको फाल्गुण महिनाको मसान्तसम्म गरुडा नगरपालिका स्तरीय बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

(१२) नगरपालिका स्तरीय बालअधिकार समितिले बालक्लव एवम् संस्थाको बार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको वैशाख महिनाको मसान्तसम्म प्रदेश वाल अधिकार समितिमा पठाउनुपर्नेछ ।

CamScanner

(१३) दर्ता भएको बालक्लव वा संस्थाले ३ वर्षसम्म गरुडा नगर कार्यपालिकाको कार्यालयमा नविकरण नगरेमा उक्त बालक्लव वा संस्था स्वतः खारेज हुनेछ ।

**१५. बाल क्लव संजाल गठन, तथा संचालन** : १) बाल क्लवहरु विच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकरण गर्न, बालसहभागीतालाई संस्थागत गर्न र एकआपसबाट सिकाईका अवसर सृजना गर्न बालक्लव संञ्जालको गठन गर्न सकिनेछ ।

(२) बालक्लव सञ्जाल वडास्तर तथा नगरपालिका स्तरका हुनेछन् । प्रत्येक वडामा एक वटा वडा बाल सञ्जाल तथा गरुडा नगरपालिकामा एक १ वटा नगरपालिका स्तरीय बाल सञ्जाल अनिवार्य रहने छ । सवै बाल सञ्जालको आवद्धता वडा समितिको सिफारीसमा गरुडा नगरपालिकासँग रहनेछ । वडा बाल सञ्जाल संरक्षक वडा अध्यक्ष रहनेछन् र गरुडा नगरपालिकास्तरीय बाल संजालको संरक्षकत्व गरुडा नगरपालिकाको प्रमुखले ग्रहण गर्नेछन् ।

(३) बालक्लब सञ्जाल गठन गर्नका लागि गरुडा नगरपालिका र वडा तहमा गरुडा नगरपालिकामा आवद्धता भएका बालक्लवहरुका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नुपर्नेछ ।

(४) वडा स्तरीय बाल सञ्जाल गठन गर्न प्रत्येक बालक्लवबाट १ जना बालक, १ जना बालिका र १ जना अपाङ्गता भएका, दलित तथा पिछडिएका, अल्पसंख्यक समुदायका बालबालिका गरी ३ जना सहभागी भई आयोजना भएको बालक्लवहरुको भेलाले वडा तहमा बढीमा ११ सदस्यीय वडास्तरिय बाल क्लव सञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तीमा ३३ प्रतिषत बालिकाको सहभागीता, सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषअध्यक्ष मध्ये कम्तीमा २ पदमा बालिका हुनुपर्नेछ ।

(५) वडास्तरीय भेलावाट गरुडा नगरपालिका स्तरीय बाल सञ्जाल गठनको लागि प्रत्येक वडाबाट २ बालक, २ बालिका र १ जना अपाङ्गता भएका ,दलित तथा पिछडिएका अल्पसंख्यक समुदायका बालबालिका गरी ५ जना प्रतिनिधि छनौट गरी नगरपालिका स्तरीय बालभेलामा प्रतिनिधित्व गर्नुपर्नेछ । प्रत्येक वडाको प्रतिनिधिहरुमध्येवाट नगरस्तरीय १५ सदस्यीय बालक्लव संञ्जालको गठन हुनेछ । जसमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तीमा ३३ प्रतिशत बालिकाको सहभागिता सुनिश्चित हुनेपर्नेछ । जसमा अध्यक्ष,उपाध्यक्ष,सचिव,सहसचिव र कोषाध्यक्ष मध्ये कम्तीमा २ पदमा बालिका हुनुपर्नैछ ।

(६) वडा तथा गरुडा नगरपालिकामा गठन भएका बालक्लव संञ्जालहरु गठन भएको १ महिनाभित्र गरुडा नगर कार्यपालिकाको कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । सूचीकृतका लागि **अनुसूची -१** अनुसारको निवेदन लिई **अनुसूची- २** अनुसारको बालक्लव सञ्जालको विधान, **अनुसूची- ३** को प्रमाण-पत्र गरुडा नगरपालिकाको बालकल्याण अधिकारीबाट प्रमाणित गरी बालक्लव सञ्जाललाई उपलब्ध गराउनुपर्नेछ ।

(७) बाल सञ्जाल दर्ता र नविकरण गरेवापत कुनै शुल्क लाग्ने छैन ।

(८) बाल संञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

**१६. बालक्लवको काम, कर्तव्य र अधिकार** : बाल क्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्लवमा आवद्ध सदस्य सहित १८ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध लेखन साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ,

(ख) बालबालिकाका, उनीहरुका अविभावक र परिवारका अन्य सदस्यहरुलाई बालअधिकारको बारेमा सचेत गराउने ।

CS CamScanner

(ग) सिकाई प्रकियामा बालसहभागिता अभिवृद्धि गर्दै बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकार गराउने ।

(ङ) बाल क्लवलाई बालबालिकामा रचनात्मकता र नविन कौशल विकास गर्न एक साझा स्थलको रुपमा स्थापित गराउने ।

(च) बालबालिकाको कक्षा कोठाको सिकाईलाई वास्तविक जीवनमा रुपान्तरण गर्न सक्ने साधनको रुपमा बाल क्लवलाई परिचित गराउने ।

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरु सञ्चालन गर्ने ।

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने ।

(झ) कला,साहित्य,सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृती र शिक्षाको संरक्षणका लागि आवाज उठाउन, र सामाजिक कुरीति तथा बालअधिकार उल्लंघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने ।

(ञ) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नावाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्न र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालयसँग समन्वय गर्ने ।

(ट) सम्बन्धित पालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सकिृय सहभागिता जनाउने ।

(ठ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यन्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा पालिका तथा वडालाई निरन्तर सहयोग गर्ने ।

(ड) पूर्ण साक्षर, पुर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा नगरपालिका, वडा तथा टोलविकास संस्थालाई सहयोग गर्ने ।

(ढ) क्लवलाई आफूलाई प्राप्त जिम्मेवारी कार्यन्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढीमा ५ जना साधारण सदस्यहरु सम्मिलित उप समितिहरु गठन गर्न सक्ने ।

**१७. बाल सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) बाल सञ्जालको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो क्षेत्रभित्रका बालबालिकाहरुको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र,स्थापना र सञ्चालन गर्ने ।

(ख) आबद्ध बालक्लवहरुको गतिविधि सञ्चालन गर्न सञ्जाललाई स्थानीय वडा, नगरपालिका तथा अन्य सहयोगी संस्थाहरुबाट प्राप्त सहयोग उपलब्ध गराउने । बालक्लवले सम्पन्न गर्न सक्ने यसै कार्यविधिमा तोकिएका कार्यहरु गर्न आवश्यक सहयोग समन्वय र सहजीकरण गर्ने ।

(ग) बालक्लवहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा अतिथिको रुपमा उपस्थित भई बालक्लवका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने । तर यस्ता गतिविधिहरु सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरुको पढाईलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बालअधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लवहरु मार्फत प्रभावकारी रुपमा सम्पन्न गर्न विभिन्न उपसमितिहरुको गठन गरी

सञ्जालका पदाधिकारीहरुका विचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने ।

(ङ) गरुडा नगरपालिकाले स्थानिय स्तरमा बालबालिकाको अधिकारसँग सम्वन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण चरणहरुमा सञ्जाल प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लवहरुको तर्फबाट आएको योजना तथा सुझावहरु समेतलाई ख्याल गर्दै सञ्जालको तर्फवाट सक्रिय सहभागिता जनाउने ।

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै प्रकारको दुर्व्यवहार, हिंसा,हेला, हेपाई, समाजिक कुरीति र विभेद जस्ता बालअधिकार हनन्का घटनाविरुद्ध बालक्लवको तर्फबाट आवश्यक पहल र पैरवि गर्ने साथै यस्ता किसिमका घटनाका विरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

(छ) बालक्लवहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम समपन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री बातावरण, खुल्ला दिशामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भय रहित शिक्षण सिकाईको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरुमा बालसञ्जालको तर्फवाट सक्रिय सहभागिता जनाउने ।

(झ) बालक्लव तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघ संस्था तथा सरोकारवालाहरु विच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लवहरुले सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा नगरपालिका र नगरपालिका स्तरीय बालअधिकार समितिमा पेश गर्ने ।

(ट) बालक्लवहरुबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्ने ।

(२) बालक्लव तथा सञ्जालले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरुको सीमा देहाय बमोजिम हुनेछ :-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्ने कार्य ।

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पु-याउने कार्य ।

(ग) समुदायका निश्चित जातजाती,धर्म,क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु ।

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफनो विद्यालय, बालगृह वा समुदाय भन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु । तर प्रतिष्पर्धा, आवासिय तालिम वा आयोजनाहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरुको जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउने कार्यहरु

CamScanner

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(ज) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूलो र लामो समयका गतिविधिहरु सञ्चालन गर्ने कार्य ।

(झ) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु ।

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

१८. **बालक्लव वा संस्था र बाल सञ्जालको आर्थिक दायित्व :-** (१) बालक्लव वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लव वा संस्था र बाल सञ्जाललाई आर्थिक दायित्व दिन हुदैन ।

(२) बालक्लव वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने संस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गनुपर्नेछ ।

(३) बालक्लव वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।

## परिच्छेद ७

## नगर स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

१९. **नगरपालिका स्तरीय बाल अधिकार समितिको गठन:** ऐनको दफा ६० को उपदफा (२) बमोजिम नगरपालिकामा नगर कार्यपालिकाको उपप्रमुखले तोकेको त्यस्तो नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ । नगर स्तरीय बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

**गरुडा नगरपालिका स्तरीय बाल अधिकार समिति**

(क) उपप्रमुखले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) नगर प्रमुखले तोकेको वडा सदस्यहरु मध्येबाट १ जना महिला र १ जना दलित सहित २ जना वडा सदस्य -सदस्य

(ग) नगर प्रमुखले तोकेको माध्यमिक विद्यालयको स्थायी शिक्षक १ जना -सदस्य

(घ) नगर प्रमुखले तोकेको सामाजिक कार्यकर्ता एक जना महिला सहित २ जना -सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) नगर प्रमुखले तोकेको बालमनोविज्ञ वा शिक्षा विषय लियी स्नातकोत्तर तह उत्तीर्ण गरी बालबालिका क्षेत्रमा कार्य गरेको अनुभव भएको शिक्षक १ जना -सदस्य

(छ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट उपप्रमुखले तोकेको महिला प्रतिनिधि कम्तीमा १ जना -सदस्य

(ज) जिल्ला प्रहरी कार्यालय रौतहट अर्न्तगत नेपाल प्रहरी महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको प्रतिनिधि -सदस्य

(झ) गरुडा नगरपालिका क्षेत्रभित्र गठन भएको बाल क्लब/बाल सञ्जाल/बाल समूहका प्रतिनिधिहरु मध्ये एक बालिका सहित २ जना प्रतिनिधि -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य-सचिव

२०. **नगर स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) नगरपालिका स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त नगरपालिका स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ (सम्बन्धित नगरपालिकाले थप काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ):-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानुन, योजना, कार्यक्रम र संस्था संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा वा तनाव, बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्बर्द्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) नगरपालिकाभित्रका वडा, विद्यालय, टोल, समुदय, घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागु गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री नगरपालिका अवलम्बन गरी घोषणा गर्ने ।

(च) नगरपालिकाभित्रका भौतिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागू गर्ने ।

(छ) बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी नगरपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक स्थानीय प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश

बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा नगरपालिकालाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवयकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(३) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिम यस कार्यविधिको **अनुसूची-७** मा उल्लेख भए अनुसारका बालबालिका मानिनेछन् ।

२१. **समितिको बैठक :** नगरपालिका स्तरीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(छ) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(ज) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:** (१) समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल सञ्जाल वा बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

CamScanner

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालिन जिम्मेवारी तोक्न सकिनेछ ।

२३. **वडा स्तरीय बाल अधिकार समिति गठन :** (१) नगरपालिकाले प्रत्येक वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा बाल अधिकार समिति गठन गर्नेछ । यसरी गठन गरिएका वडा स्तरीय बाल अधिकार समितिमा रहने सदस्य संख्या, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, -सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको फोकल शिक्षकमध्येबाट १ जना महिला शिक्षक सहित २ जना -सदस्य

(घ) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना -सदस्य

(ङ) मनोपरामर्शकर्ता/बालमनोविज्ञ, बालअधिकार/बालन्यायका कार्यानुभवी व्यक्तिमध्येबाट अध्यक्षले मनोनयन गरेका १ जना र बालबालिका सम्बन्धी काम गर्ने संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन गरेका संघ संस्थाको प्रतिनिधि १ जना गरी २ जना -सदस्य

(च) वडा स्थित स्वास्थ्य चौकीको प्रमुख -सदस्य

(छ) वडा सचिव -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यालय व्यवस्थापन समिति, अपाङ्गता भएका बालबालिका तथा व्यक्तिसँग सम्बन्धित कार्य गर्ने सँस्थाको प्रतिनिधि वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) वडास्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी योजना, नीति र कार्यक्रमहरु बालबालिकाको सहभागितामूलक ढंगबाट निर्माण गर्ने ।

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने ।

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरुको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने ।

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

CamScanner

(छ) वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यिन गर्ने ।

(ज) सार्वजनिक सुनुवाईका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने ।

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरुको नक्सांकन गर्ने ।

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि बहुपक्षीय निकायहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

(ट) वडामा रहेका बालक्लव, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी नगर स्तरीय बाल अधिकार संरक्षण समितिमा प्रतिवेदन पेश गर्ने ।

(४) वडा स्तरीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ :-

(क) समितिको बैठक कम्तीमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(छ) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(ज) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## नगरपालिका स्तरीय बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

२४. **नगरपालिका स्तरीय बाल कोषको स्थापना :** (१) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनाका लागि एक स्थानीय बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नगरपालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य श्रोत ।

**स्पष्टीकरण :** बैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट बाल कोषमा रकम जम्मा गर्दा नेपाल सरकार अर्थ मन्त्रालय वा स्थानीय कानून बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ ।

२५. **बाल कोषको सञ्चालक समिति :** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक नगरपालिका स्तरीय बाल कोष सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | - संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | लेखा प्रमुख | - सदस्य |
| (घ) | नगर स्तरीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना | - सदस्य |
| (ङ) | बाल कल्याण अधिकारी | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२६. **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

(क) तत्कालीन समयमा नगरपालिकाभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगरपालिका स्तरीय बाल संरक्षण समिति, गाउँ स्तरीय बाल संरक्षण समिति र वडा स्तरीय बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २४ बमोजिमको बाल कोषको प्रयोग र दफा २५ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने ।

(घ) बाल कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

CamScanner

२७. **बाल कोष सञ्चालक समितिको बैठक :** बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(घ) यस समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) यस समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा यस समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(च) यस समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) यस समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(ज) यस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

२८. **बाल कोषको प्रयोग :** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछ :-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन ता पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख) अदालतको आदेशानुसार नगरपालिकाभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

२९. **बाल कोष रकमको खर्च सीमा :** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रु. १२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रु. २० हजारसम्म,

CamScanner

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रु. ९ हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोमि हुनेछ ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतनामूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइनेछैन ।

३०. **बाल कोषको खाता सञ्चालन :** (१) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२). उपदफा (१) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

३१. **बाल कोषको लेखा र लेखा परीक्षण :** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बाल कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-९
## विविध

३२. **प्रोत्साहन पुरस्कारको व्यवस्था :** बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन र प्रवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लव, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई नगरपालिकाले उचित पुरस्कार गर्न सक्नेछ ।

३३. **उजुरी/निवेदन गर्न सक्ने :** (१) घरेलु हिंसामा परेका र बालबालिका सम्बन्धी ऐन र प्रचलित कानुन विपरित अपमान, दुर्व्यवहार, घृणामा परेका बालबालिकाले वा सरोकारवाला बाल क्लब, बाल संस्था वा बाल सञ्जालले नगरपालिका स्तरीय बाल अधिकार समितिमा तथा न्यायिक समितिमा उजुरी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको उजुरी/निवेदन अनुसूचि-८ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

३४. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगरपालिकाको कार्यपालिकालाई हुनेछ ।

CamScanner

३५. **संशोधन गर्न सक्ने :** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

३६. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने :** नगरपालिकाले यो कार्यविधि लागु हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

३७. **खारेजी र बचाउ :** (१) बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८० खारेज गरिएको छ ।

(२) उपदफा (१) अनुसारको कार्यविधि बमोजिम भए गरेका कामकार्वाही यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

(३) यो कार्यविधिमा भएको व्यवस्थाहरु बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

CamScanner

## अनुसूची -१

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको

## निवेदन ढाँचा

श्री बाल कल्याण अधिकारीज्यू, मिति :
गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गरुडा ।

**विषयः- बाल क्लब/ बाल सञ्जाल/बाल सस्था दर्ता गरी पाऊ ।**

महोदय,

हामीले ............................................ नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था गठन गरी दर्ता गर्न चाहेकोले **गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०** को दफा १४ को उपदफ (५)बमोजिम /बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**संलग्न कागजातहरु :**

१. प्रस्तावित बाल क्लब, बाल सञ्जाल वा बाल संस्थाको विधान,
२. प्रस्तावित बाल क्लब, बाल सञ्जाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,
३. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
४. बाल क्लब वा संस्था दर्ता गर्न चहने बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
५. बाल क्लब वा संस्थाको अद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण ।

निवेदक

.................

अध्यक्ष

नगर कार्यपालिकाको कार्यालय

CamScanner

## अनुसूचि- २

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

# ................ बाल क्लब वा संस्था/सञ्जालको विधान..........

**प्रस्तावनाः**

राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हक हित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्वद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको संस्थागत पहल गर्न वाञ्छनीय भएकोले यो विधान तर्जुमा गरिएको छ।

१. **प्रारम्भिक :**

१.१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विधानको नाम ............... बाल क्लव गठन तथा कार्य संचालन विधान, २०.... रहने छ।

(ख) यो विधान ...................क्लवको साधारण सभावाट अनुमोदन भई गरुडा नगरपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

१.२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "क्लव" भन्नाले गरुडा नगरपालिका क्षेत्रभित्रका टोल वा विद्यालय स्तरमा गठित बालबालिकाको आवद्धतालाई जनाउनछ।

(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि १० वर्ष पूरा भइ १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ।

(ग) "कार्यालय" भन्नाले गरुडा नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले बालक्लवमा आवद्ध बालबालिका अध्ययन गरीरहेको स्थानलाई सम्झनुपर्छ।

(ङ) "टोल" भन्नाले बालक्लवमा आवद्ध बालबालिका बसोवास गरेको स्थानलाइ सम्झनुपर्छ।

(च) "विधान" भन्नाले ....................क्लवको विधानलाई सम्झनुपर्छ।

(छ) "पदाधिकारी" भन्नाले कार्यसमितिभित्रका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषध्यक्ष र सदस्यहरुलाई सम्झनुपर्छ।

२. **उद्देश्य एवं कार्यहरुः** यस बाल क्लवको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन् :

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु।

(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने

(ङ) बालबालिकाहरुको विरुद्धमा हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम शोषण, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि

(च) बाल अधिकार सम्वन्धी बिबिध कार्यक्रमहरु संचालन गर्ने।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु।

CamScanner

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांक संकलन गर्नु ।

(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, शिशु स्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया,टाईफाईड तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवमं सो को निरकरणको लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पीडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।

(त) अन्य बाल क्लवहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

(द) एच.आई.भी. एड्स तथा लागु औषध दुर्व्यसन सम्वन्धी जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातीय भेदभाव, छुवाछुत एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्धमा जनचेतना जगाउने ।

(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**३. बाल क्लवको गठनः**

३.१ बालक्लवको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने साथै निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्:

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : कम्तिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

३.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

**४. सल्लाहकारः** बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) बाल क्लवको पूर्व अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट क्लवको कार्यसमितिको निर्णय अनुसारका बढीमा ६ जना सम्म सल्लाहकारहरु रहने छन् ।

**५. संरक्षक :** बाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल क्लबको निर्णय अनुसार हुनेछ ।

५.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

CamScanner

६. **पदावधिः** बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

७. **पदाधिकारीको काम, कर्तव्य र अधिकारः** पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. क्लवको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।
२. क्लवको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।
३. क्लवको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने ।
४. क्लवको निर्णयको निर्देशन कार्यान्वयन गर्ने गराउने ।
५. क्लवको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका जेष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. बाल क्लव जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यकमको माग गर्ने र कार्यान्वियन गर्ने गराउने ।
९. तोकिएको अन्य कार्य गर्ने ।

ख. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

ग. **सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछः**

१. क्लवको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बाल क्लवसंग सम्बन्धित व्यक्तिको अभिलेख अद्यावधिक गर्ने ।
३. क्लवको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।
४. क्लवको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. क्लवको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।

घ. **सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

CamScanner

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लवको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकारः**

१. वैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

८. **सदस्य :**

अ. **सदस्यको योग्यता:** यस बाल क्लवमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :

(क) उमेर कम्तिमा १० वर्ष पुगी १८ वर्ष ननाघेको
(ख) स्थायी सरुवा रोग नलागेको ।
(ग) मगज नविग्रेको वा बौलाहा नभएको ।
(घ) बालक्लबको विधानमा उल्लेखित व्यवस्था प्रति प्रतिबद्ध हुने ।
(ङ) जन्मदर्ता प्रमाणपत्र वा नेपाली नागरिकता

**आ. सदस्यताको खारेजीः**

(क) मगज विग्रेमा वा वौलाहा भएमा ।
(ख) १८ वर्ष उमेर नाघेमा ।
(ग) मृत्यु भएमा ।
(घ) राजिनामा दिएमा ।
(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।
(च) सदस्यता नविकरण नभएमा ।
(छ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा ।
(ज) एक भन्दा बढी बाल क्लवको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

९. **क्लवको पदाधिकारीको उमेरको हदः** बाल क्लवका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा १० वर्ष पुगेको र १८ वर्ष पुरा नभएको हुनु पर्नेछ ।

१०. **आरक्षणः** यस बाल क्लवमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ३३ प्रतिशत बालिका हुनुपर्नेछ तर क्लबमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि क्लब कायमै रहनेछ ।

११. **सदस्यता शुल्क तथा नविकरणः**

(क) बाल क्लवको सदस्यता शुल्क वा नवीकरण शुल्क वा अन्य कुनै शुल्क बाल क्लवको तोके बमोजिम हुनेछ ।

(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

१२. **बैठकः** बाल समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । बैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ ।

१३. **निर्णयः** बाल क्लबको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।



CamScanner

नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१४. निर्वाचनः** बाल क्लबले प्रजातान्त्रिक पद्धति अनुरुप कार्यसमितिको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

**१५. निर्वाचन अधिकृत :** बाल क्लवले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१६. कोषः**

(क) यस बाल समूहले आफ्नो क्लवको नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न क्लबको अध्यक्ष, कोषाध्यक्ष र संरक्षकको नामबाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा कार्यसमितिको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । बाल क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । तथा बैंक खाता खोल्नका लागि नगरपालिकाको अनिवार्य सिफारिस लिनु पर्नेछ ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछः

१. बालबालिकासँग सम्वन्धित निकायबाट प्राप्त सहयोग ।

२. सहयोग, उपहार ।

३. सदस्यता तथा नविकरण शुल्क ।

४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम ।

५. क्लबले प्रकाशित गरेका प्रकाशनबाट प्राप्त हुने रकम ।

६. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।

**१७. प्रतिवेदनः** बाल क्लवले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण उपशाखामा पेश गर्नु पर्नेछ ।

**१८. संशोधनः** यो विधान संशोधन गर्दा बाल क्लबको साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले विधान संशोधन प्रस्ताव पारित भई नगरपालिकाबाट स्वीकृत भएपछि यो विधान लागू हुनेछ ।

**१९. बचाउः** प्रस्तुत विधानमा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस विधानमा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

**२०. क्लबको खारेजी वा विघटनः** कुनै कारणवश क्लब खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ ।

**२१. विविधः**

१. साधारण सभाः समूहको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १५ दिन अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरु निर्णयार्थ कार्यसमितिले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या क्लबका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउनेः विधानको उद्देश्य प्राप्तीको लागि कार्यसमितिले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछ । साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछ । यो समितिको कार्यबिधि बाल क्लबको कार्यसमितिले निर्धारण गर्नेछ ।



CamScanner

३. संशोधनः क्लबको विधान संशोधन गर्न परेमा विधान संशोधन प्रस्ताव क्लबको साधारण सभाको दुई तिहाई वहुमतको निर्णय भई नगरपालिकाबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

४. अविश्वासको प्रस्तावः क्लबको विधान विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव क्लबको साधारण सभामा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई वहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

५. क्लबले आफ्नो विधान एवं पदाधिकारी सदस्य सहितको नामावली नगरपालिकामा पेश गर्नु पर्नेछ ।

६. क्लबको छापमा क्लबको नाम, स्था. आ.व. र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ र लोगो क्लवले निर्णय गरे अनुरुप हुनेछ ।

७. **क्लवको कार्यसमितिका पदाधिकारीह**रु

| क.सं. | पद | नाम, थर | पुरा ठेगाना न.पा., वडा र टोल | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | |
| २. | उपाध्यक्ष | | | | |
| ३. | सचिव | | | | |
| ४. | सहसचिव | | | | |
| ५. | कोषाध्यक्ष | | | | |
| ६. | सदस्य | | | | |
| ७. | सदस्य | | | | |
| ८. | सदस्य | | | | |
| ९. | सदस्य | | | | |
| १०. | सदस्य | | | | |
| ११. | सदस्य | | | | |

नोटः

१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ ।

२. क्लवको साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

३. विधान बमोजिम आवद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित न.पा .वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिस संलग्न हुनु पर्नेछ । सिफारिस साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

४. यस विधानको प्रतिबद्धताको लागि बाल क्लवको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले विधानको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।

५. आबद्धता



CamScanner

**अनुसूची -३**

(दफा १४ को उपदफा (६) सँग सम्बन्धित)

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था**

**दर्ता प्रमाणपत्रको ढाँचा**

**गरुडा नगरपालिका गरुडा नगर कार्यपालिकाको कार्यालय**
**गरुडा, रौतहट**
**मधेश प्रदेश**
**नेपाल**

# दर्ता प्रमाण-पत्र

दर्ता नं. मितिः

श्री......................................./बाल क्लब/बाल सञ्जाल/बाल संस्था

ठेगाना .......... ।

.................... जिल्ला ............................पालिका ...... नं. वडाको ...................... विद्यालय/समुदायमा गठन गरिएको .......................संस्था/बाल क्लब/बाल सञ्जाल/बाल संस्थालाई यस .......................... पालिकामा दर्ता गरी/सूचिकृत गरी बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धनका लागि **गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०** को दफा १४ को उपदफ (६ )बमोजिम यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली, प्रदेश बाल अधिकार सम्बन्धी ऐन, २०७७ का साथै **गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०** लगायत बालबालिका सम्वन्धी विद्यमान कानूनहरुको अधीनमा रही बाल अधिकार सरंक्षण, सम्वर्धन र प्रवर्धर्न गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखतः

नाम :

पद :



CamScanner

# अनुसूची -४

(दफा १४ को उपदफा (७) सँग सम्बन्धित)

## बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको दर्ता किताव

## गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## गरुडा, रौतहट
## मधेश प्रदेश
## नेपाल

| क्र. सं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नगर कार्यपालिकाको कार्यालय



CS CamScanner

**अनुसूची -५**

(दफा १४ को उपदफा (८) सँग सम्बन्धित)

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको**

**निवेदन ढाँचा**

श्री बाल कल्याण अधिकारीज्यू, मतिः

गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय,

गरुडा ।

**विषयः- बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गरी पाऊ ।**

महोदय,

................ जिल्ला .................नगरपालिका ...... नं. वडा .......... स्थित .............................विद्यालय/समुदायमा आधारित हाम्रो .................................. नामको /बाल क्लब/बाल सञ्जाल/बाल संस्था .............................. पालिकामा **गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०** को दफा १४ को उपदफ (६ )बमोजिम मिति.................मा दर्ता भै क्रियाशील रहदै आएको छ । हाम्रो दर्ता नं........रहेको छ । यस सिलसिलामा **गरुडा नगरपालिका बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८०** को दफा १४ को उपदफ (८ )बमोजिम यो /बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो/बाल क्लब/बाल सञ्जाल/बाल संस्थाले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस/बाल क्लब/बाल सञ्जाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न कागजातहरुः

१. आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२. कार्य समिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

.........

अध्यक्ष



CamScanner